नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल पानी जहाज कार्यालय

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको विवरण

<u>आ. व. २०७९/८० (२०७९ माघ १ देखि चैत मसान्त सम्म)</u>

१) कार्यालयको स्वरुप र प्रकृति

समुन्द्रमा नेपालको राष्ट्रिय पहिचान सहित नेपालको राष्ट्रिय झण्डा प्रयोग भएको पानी जहाज संचालन गरी र देश भित्र सरल र सुलभ यातायातका लागि आन्तरिक जलमार्गको अपरिहार्यता महशुस गरी ठुला नदीनालाहरुमा जल यातायातको प्रचुर सम्भावना रहेको अवस्थालाई मध्यनजर राखी पानी जहाज दर्ता ऐन, २०२७ को दफा ४ को उपदफा (३) वमोजिम मिति २०७५/०९/०९ गते मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल पानी जहाज कार्यालय स्थापना भएको र सम्माननीय प्रधानमन्त्री श्री के पी ओली ज्यूबाट मिति २०७५/११/०२ गतेका दिन विधिवत् रुपमा उद्घाटन भएको हो।

२) कार्यालयको काम, कर्तव्य र अधिकार

सोच

सुरक्षित, सहज, भरपर्दो, व्यवस्थित, सुलभ र किफायती यातायातको भरपर्दो विकल्पको रुपमा जल यातायातको विकास गरी देशको अर्थतन्त्रमा योगदान पुऱ्याउने ।

लक्ष्य

आन्तरिक जलमार्गमा र समुन्द्रसम्म पहुँच हुने जल यातायातको विकास एवम् समुन्द्रमा नेपाली झण्डा भएको पानी जहाजको संचालन मार्फत देशको प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि, अन्तरराष्ट्रिय तथा क्षेत्रीय व्यापार सहजीकरण, पर्यटन प्रवर्द्धन, लगायतबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने ।

उद्देश्य


आन्तरिक, क्षेत्रीय र अन्तरराष्ट्रिय जलमार्गको प्रयोग गरी देशको उद्योग, व्यापार तथा पर्यटन लगायत राष्ट्रिय अर्थतन्त्रका अन्य आयाममा सकारात्मक योगदान पुर्‍याउनु ।

मुख्य अधिकार तथा जिम्मेवारीहरु

- नेपाली झण्डा भएको पानी जहाज समुन्द्रमा संचालन गर्नका लागि आवश्यक ऐन नियमहरुलाई समयसापेक्ष परिमार्जन गरी लागु गर्ने ।
- आन्तरिक जलमार्गमा तथा समुन्द्रसम्म पहुँचका लागि जल यातायातको विकास र विस्तार गर्ने ।
- जल यातायात सेवा विकासको लागि निजी एवम् अन्य क्षेत्रको लगानी आकर्षित गर्ने ।
- जल यातायात विकास र संचालनमा संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- जल यातायतलाई सुरक्षित, सहज, भरपर्दो र व्यवस्थित बनाउने ।
- जल यातायत संचालनका लागि आवश्यक पर्ने गुणस्तरीय तथा दक्ष जनशक्ति विकास गर्ने ।
- आन्तरिक जलमार्गमा संचालन गरिने जलयानहरुको दर्ता तथा नविकरणको कार्य गर्ने ।
- समुन्द्रमा संचालन गरिने व्यापारिक पानी जहाज दर्ता तथा नविकरणको कार्य गर्ने ।
- अन्तर्देशीय रुपमा संचालन हुने जलयानहरुको दर्ता तथा नविकरणको कार्य गर्ने ।
- दर्ता भएका जलयान तथा पानी जहाजहरुको नियमन तथा अनुगमन गर्ने गराउने ।
- जलयानहरु संचालन गर्न आन्तरिक जलमार्ग विकासको लागि आवश्यक अनुसन्धान, अध्ययन गर्ने गराउने ।
- जलमार्गहरुमा जलयान संचालनका लागि आवश्यक पूर्वाधार निर्माणका गर्ने गराउने ।
- जलमार्गहरुमा जलयान संचालन गर्दा यात्रुहरुको सुविधा सुरक्षाका लागि आवश्यक मापदण्ड तयार गर्ने ।
- जलमार्गहरुमा जलयान संचालनका भौतिक पूर्वाधारहरु तोकिएको मापदण्ड अनुसार निर्माण भए नभएको अनुगमन गर्ने ।
- जलयानका चालकलाई चालक अनुमती पत्र प्रदान गर्ने तथा नविकरणको कार्य गर्ने ।
- जलयानका चालकलाई चालकको तालिम प्रदान गर्ने संस्था दर्ता, नविकरण तथा नियमन गर्ने ।

- जलयान निर्माणका लागि पूर्व स्वीकृति प्रदान गर्ने ।
- जलयानहरु निर्माण गर्ने व्यवसाय दर्ता तथा नियमन गर्ने ।
- समुन्द्रमा संचालन हुने पानी जहाजमा कार्य गर्ने व्यक्तिहरुलाई सिम्यान बुक जारी गर्ने ।
- जलयान व्यवस्थापन तथा प्रबर्द्धनका निमित्त आवश्यक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने।
- पानी जहाज सम्बन्धी नेपाल पक्ष भएका क्षेत्रीय/अन्तर्राष्ट्रिय सन्धि, महासन्धिमा व्यक्त प्रतिवद्धता तथा दायित्वको कार्यान्वयन गर्ने ।
- नेपाली झण्डा भएको पानी जहाज समुन्द्रमा संचालन गर्नका लागि आवश्यक क्षेत्रीय/अन्तर्राष्ट्रिय सन्धि, महासन्धिमाहरू अनुमोदनको कार्य गर्ने ।
- जलयान/व्यापारिक पानी जहाज सम्बन्धका तालिम, राष्ट्रिय तथा अन्तरराष्ट्रिय सेमिनार र सम्मेलन सम्बन्धी कार्य गर्ने गराउने।
- जलयान/व्यापारिक पानी जहाज सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंग सम्पर्क समन्वय सम्बन्धी कार्य गर्ने गराउने।

३) कार्यालयको संगठन संरचना



कार्यालयबाट हुने काम कारवाहिलाई प्रभावकारी रुपमा अगाडि बढाउन कूल १८ दरवन्दी रहेको छ, जुन यस प्रकार छ :-

- रजिष्ट्रार, रा.प.प्र., इन्जिनियरिङ्ग, मेकानिकल/ज.मे.इ. - १
- सि. डि. ई. (मे.), रा.प.द्वि., इन्जिनियरिङ्ग, मेकानिकल/ज.मे.इ. - १
- शा.अधिकृत, रा.प.तृ., प्रशासन, सामान्य प्रशासन - १
- कानून अधिकृत, रा.प.तृ., प्रशासन, न्याय - १
- लेखा अधिकृत, रा.प.तृ., प्रशासन, लेखा - १
- इन्जिनियर (मे.), रा.प.तृ., इन्जिनियरिङ्ग, मेकानिकल/ज.मे.इ. - १
- इन्जिनियर, रा.प.तृ., इन्जिनियरिङ्ग, सिभिल/हाइवे - १
- इन्जिनियर, रा.प.तृ., इन्जिनियरिङ्ग, इरिगेशन - १
- इन्जिनियर, रा. प. तृतीय, मरिन - १
- इन्जिनियर, रा. प. तृतीय, नाभिगेशन - १
- नायव सुब्बा, रा.प.अनं.प्र., प्रशासन, सामान्य प्रशासन - १
- लेखापाल, रा.प.अनं.प्रथम., प्रशासन, लेखा - १
- कम्प्युटर अपरेटर, रा.प.अनं.प्र., विविध, - १
- कार्यालय सहयोगी, श्रेणी विहिन, , - १

४) कार्यालयबाट प्रदान गरिने सेवा

- आन्तरिक जलमार्गमा संचालन गरिने जलयानहरुको दर्ता तथा नविकरणको कार्य गर्ने ।
- समुन्द्रमा संचालन गरिने व्यापारिक पानी जहाज दर्ता तथा नविकरणको कार्य गर्ने ।
- अन्तर्देशीय रुपमा संचालन हुने जलयानहरुको दर्ता तथा नविकरणको कार्य गर्ने ।
- दर्ता भएका जलयान तथा पानी जहाजहरुको नियमन तथा अनुगमन गर्ने गराउने ।
- जलयान निर्माणका लागि पूर्व स्वीकृति प्रदान गर्ने ।
- जलयानका चालकलाई चालक अनुमती पत्र प्रदान गर्ने तथा नविकरणको कार्य गर्ने ।
- जलयानका चालकलाई चालकको तालिम प्रदान गर्ने संस्था दर्ता, नविकरण तथा नियमन गर्ने ।

- पानी जहाजमा कार्य गर्ने सबै प्रकारका कामदार कर्मचारीलाई तालिम प्रदान गर्ने । प्रशिक्षण संस्था दर्ता गर्ने र यिनको नविकरण तथा नियमन गर्ने ।
- पानी जहाजमा कार्य गर्ने व्यक्तिहरुलाई सिम्यान बुक जारी गर्ने ।

५) सम्पादन गरेको कार्यको विवरण

आ. ब. २०७९।८० मा यस कार्यालयबाट हाल सम्म निम्न कार्यहरु सम्पादन भएको छ ।

क) सुनकोशी नदीमा जलमार्गको विस्तृत सम्भाव्यता अध्ययन कार्य (अरुण देभानबाट माथि ६८ किमि देखि १५३ किमि सम्म)का लागि परामर्शदाता छनौट गरी अध्ययन कार्य हुँदै गरेको र यहि आ. ब. भित्र सम्पन्न हुने ।

ख) तामाकोशी नदीमा जलमार्गको विस्तृत सम्भाव्यता अध्ययन कार्य (तामाकवशी सुनकोशी दोभानबाट माथि ६३.५ किमि सम्म)का लागि परामर्शदाता छनौट गरी अध्ययन कार्य हुँदै गरेको र यहि आ. ब. भित्र सम्पन्न हुने ।

ग) नारायणी नदीमा Passenger River Terminal बनाउन विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि परामर्शदाता छनौट गरी अध्ययन कार्य हुँदै गरेको र यहि आ. ब. भित्र सम्पन्न हुने ।

घ) कोशी नदीमा संचालित जलयानहरु अरुण दोभानमा रहेको अवरोधका कारण माथि जान कठिनाई भएको हुँदा उक्त स्थानमा रहेका अवरोधहरु हटाउनका लागि बोलपत्र मार्फत निर्माण व्यवसायी छनौट गरिएको र उक्त कार्य यहि आ. ब. भित्र सम्पन्न हुने गरी काम भईरहेको ।

६) सूचना अधिकारी र प्रमुखको नाम र पद

प्रमुख	ई. बिपिन राजभण्डारी
सूचना अधिकारी	मे. ई. राजन प्रधान

७) ऐन, नियमको सूची

- नेपालको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७
- नेपाल पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७
- पानी जहाज दर्ता ऐन, २०२७

- नेपाली पानी जहाज दर्ता नियमावली, २०२८

८) यस आ.व. को आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

	जम्मा बजेट	हाल सम्मको खर्च
पूँजीगत	६,२९,००,०००.००।	८,१६,११३.६०।
चालू	२,००,००,०००.००।	१,०६,६१,३८२.८८।

९) कार्यालयको ठेगाना र सम्पर्क नं

नेपाल पानी जहाज कार्यालय

एकान्तकुना, ललितपुर ।

फोन नं. : ५१९३३१६

फ्याक्स नं. : ५१९३३४५

ईमेल : info@nso.gov.np

वेव साइट : https://www.nso.gov.np